**जुलाइ 2020**

सिनसिनाटी पब्लिक स्कूल (Cincinnati Public Schools) का विद्यार्थी तथा परिवारहरूलाई,

हामी आशा गर्छौं यो पत्र पाउँदा तपाईं सकुशल नै हुनु हुनेछ र आफ्नो गर्मी याममा रमाइलो गर्दै हुनुहुन्छ। हामी पुनः स्कूल लगाउने काममा व्यवस्त छौं र तपाईंको धेरै प्रश्नहरू छन् भन्ने हामीलाई थाहा छ। कृपया जानी राख्नुहोस् हाम्रो विद्यार्थी, कर्मचारी तथा समुदायको सुरक्षा हाम्रो उच्चतम प्राथमिकतामा पर्छ, खास गरि चलिरहेको COVID-19 महामारीको समयमा।

शिक्षा समितिले हाम्रो गो-फरवर्ड योजनाको स्वीकृत दिएको छ, जस अनुसार विद्यार्थीहरूलाई प्रति हप्ता दुई देखि तीन दिन सम्म इन पर्सन निर्देशनमा र अरु दिन रिमोट लर्निङमा राखिने छ, हामी बाँकी विवरण तयार गर्दैछौं जस अन्तर्गत स्कूल सत्रको सफल सुरुवात सुनिश्चित गर्न सकिने छ। तपाईंले यो पत्रमा विविध वस्तुहरूबारे थप जानकारी पाउनु हुनेछ, जसमा हाम्रो यातायात, लन्च, विश्राम अवधि, खेलकूद, अतिरिक्त क्रियाकलाप, तथा अन्य कुराहरू समावेश छ।

सबभन्दा बढी, हाम्रो स्कूल तथा कार्यालयहरू पुनः खोल्ने क्रममा हामी एउटा सुरक्षित वातावरण सिर्जना गर्न प्रतिबद्ध छौं। हामी एउटा सुरक्षित वातावरण रचना गर्न — जस्तै अनुहारको मास्कहरू लगाउन, छ फिटको सामाजिक दूरीको पालन गर्न, तापमानहरू लिन तथा कठोर सरसफाइ नियमहरूको पालन गर्न स्वास्थ्य मार्ग-निर्देर्शिकाहरू तयार गर्न हामी सिनसिनाटी बाल अस्पताल चिकित्सा केन्द्र (Cincinnati Children's Hospital Medical Center) सँग मिलेर काम गर्दैछौं।

हाम्रो समुदायमा स्वास्थ्य स्थिति बदल्दै गएपछि हामी सबै सतर्क तथा लचिलो रहनु अत्यन्त जरुरी छ। सिनसिनाटी पब्लिक स्कूलले COVID-19 को मामिलाहरूको अनुगमन गर्दै, र मूल्याङ्कन गर्न आँकडाको प्रयोग गर्दै स्थानीय स्वास्थ्य विभागहरूसँग काम गर्दैछ। हामी आवश्यकता अनुसार हेरफेर गर्नलाई तयार छौं – पूर्णतया रिमोट लर्निङमा जान वा यसो गर्न सुरुक्षित हुने भए इन पर्सन दिन को सङ्ख्या बढाउन पनि।

**स्कूलव्यापी मानक COVID-19 नीतिहरू**

- सम्पूर्ण स्कूल कर्मचारीले अनुहार ढाक्ने कपडा लगाउनु पर्छ, यसो गर्न कुनै निम्नस्थित स्वास्थ्य अवस्थाले रोक्ने अवस्थामा बाहेक।
- सम्पूर्ण विद्यार्थीहरूले अनुहार ढाक्ने कपडा लगाउनु पर्छ, यसो गर्न कुनै निम्नस्थित स्वास्थ्य अवस्था वा अपाङ्गताले रोक्ने अवस्थामा बाहेक। सुरक्षा वा स्वास्थ्य कारणहरूले गर्दा मास्क लगाउन नसक्ने विद्यार्थीहरूका लागि अपवाद छ।

- सरसफाइ, स्वच्छता, तथा स्वस्थ सामाजिक चलनहरूको प्रवर्द्धन गर्न चिन्ह तथा सन्देशहरू सम्पूर्ण स्कूलमा टाँसिने छ।
- भवन भरि दूरी तथा दिशाहरूको प्रवर्द्धन गर्न दृष्टि सङ्केतहरू जस्तै भुइँका स्टिकरहरू प्रयोग गरिन्छ।
- पानीको धाराको प्रयोग गर्न प्रोत्साहन गरिँदैन; आमा-बाबुहरूलाई उनीहरूको बच्चालाई सधैं आ-आफ्नो पानीको बोतल (पानी भरेर बच्चाको नाम पनि उल्लिखित) दिने सुझाव गरिन्छ।
- भवनको सबैतिर कक्षाकोठा तथा साझा क्षेत्रका सतहहरू स्कूलको दिन भरि COVID-19 को विरुद्ध प्रयोग गर्न स्वीकृत उत्पादनहरूले पटक पटक सफा गरिने छ।
- बसहरू पनि दैनिक रूपमा COVID-19 को विरुद्ध प्रयोग गर्न स्वीकृत उत्पादनहरूले सङ्क्रमण रहित गरिने छ।
- ताजा हावाको प्रवेश तथा हावाको आदानप्रदान दरमा वृद्धि गर्न भवनको वायु प्रवाह प्रणालीहरूको परिमार्जन गरिने छ।

- आपातकालीन परिस्थितिमा वा भर्नाको काम बाहेक स्कूलमा जानबाट बच्नु पर्नेछ। आमा-बाबुहरूलाई स्कूलको कामले गर्दा जान आवश्यक भएको बेला, मुख्य कार्यालयमा प्रवेश गर्नु भन्दा पहिला, तापमान जाँच गरिने छ। मुख्य कार्यालयमा प्रवेश गर्नलाई आमा-बाबुहरूको तापमान 100,4 डिग्री F भन्दा कम हुनु पर्नेछ।
- ठूलो स्कूल जमघटहरू, आमा-बाबु तथा सामुदायिक स्वयमसेवा अवसरहरू, तथा इन पर्सन शैक्षिक भ्रमणहरू यो वर्ष अस्थायी रूपमा रोकिने छ।
- निम्न लक्षणहरू हुने कसैले पनि घरमै बस्नु पर्नेछ: ज्वरो वा जाडो लाग्ने, खोकी, सास फुल्ने, थकान, जीउ दुख्ने, टाउको दुख्ने, स्वाद वा गन्ध थाहा नपाउने, घाँटी दुख्ने, नाक बन्द हुने वा सिँगान आउने, वाकवाक वा बान्ता, पखाला।
- COVID-19 को पुष्टि भएको कुनैपनि व्यक्तिको निकट सम्पर्क (15 मिनट वा लामो अवधि सम्म 6’ भन्दा कम सामाजिक दूरीमा) मा आउने कुनैपनि व्यक्ति घरमै बसेर लक्षणहरूको विचार गर्नु पर्छ।
- आमा-बाबुहरूले विद्यार्थीहरू बिमार भइ हालेमा वा लक्षणहरू देखिएमा स्कूलबाट घरमा लैजाने धेरैवटा, पूर्व व्यवस्थित विधिहरूको योजना बनाइ राख्नुपर्नेछ।
- विद्यार्थीहरूले उक्त सुरक्षात्मक उपायहरू साथै यिनीहरूको पालन गर्नुपर्ने कारणहरूबारे निर्देशनहरू प्राप्त गर्नेछन्।

**आगमन**

- स्कूलको दिन सुरु हुनु भन्दा पहिला सम्पूर्ण कर्मचारी तथा विद्यार्थीहरूको तापमान जाँच गरिने छ।

- स्कूल समुदायका सम्पूर्ण सदस्यहरूले सबै व्यक्तिहरूको स्वास्थ्य तथा सकुशलताको ध्यान राख्ने अपेक्षा गरिन्छ। आमा-बाबुहरूले कहिल्यैपनि बिमारीको आशङ्का भएको आफ्ना बच्चाहरूलाई स्कूल पठाउनु हुँदैन।
- निम्न लक्षणहरू हुने कसैले पनि घरमै बस्नु पर्नेछ: ज्वरो वा जाडो लाग्ने, खोकी, सास फुल्ने, थकान, जीउ दुख्ने, टाउको दुख्ने, स्वाद वा गन्ध थाहा नपाउने, घाँटी दुख्ने, नाक बन्द हुने वा सिँगान आउने, वाकवाक वा बान्ता, पखाला।
- विद्यार्थीहरू स्कूल भित्र पस्ने क्रममा ठूलो भिँड जम्मा हुन नदिन यो वर्ष बस सवारी, कार सवारी, तथा पैदाल यात्रुहरूका लागि, आगमन समयहरू फरक फरक गरिने छ। तपाईंको स्कूल आगमन निर्दिष्ट समयबारे जानकारी पछि साझा गरिने छ।
- बस सवारीहरूका लागि, बसमा मास्क आवश्यक हुन्छ, तथा सिट निर्धारित गरिएको हुन्छ, एउटा सिटमा एक जना विद्यार्थी बस्नुपर्छ (भाइ बहिनीहरू बाहेक, जो सँगै बस्न सक्छन्)। पहेंलो बसहरूमा बस मनिटरहरू चडेका हुन्छन् जसले विद्यार्थीहरूलाई नयाँ सुरक्षात्मक कार्यविधिहरूको पालन गर्न मद्दत गर्छन्।
- बसहरू साना, र ठाउँ साँघुरो हुने भएकोले, सुरक्षात्मक सावधानीहरू लिएर पनि यिनीहरूबाट अतिरिक्त जोखिमको सम्भावना हुन्छ। हामी आफ्ना बच्चाहरूलाई आफैं गाडीमा स्कूल लान लैजान सक्ने आमा-बाबु तथा अभिभावकहरूलाई यसो गर्न प्रोत्साहन गर्छौं।

**सिकाइ स्थलहरू**

सम्पूर्ण कक्षाकोठा (PK लगायत) तथा सिकाइ स्थलहरूलाई ठाउँ बढ्ने गरि मिलाईने छ, जसले गर्दा विद्यार्थीहरूले दूरी (रोग नियन्त्रण केन्द्रको सिफारिसहरू अनुसार 6 फिट), आपूर्ति, तथा व्यक्तिगत सरसफाइको विचार गरिएको व्यक्तिकृत कार्यस्थलहरू पाउनेछन्। कुनै कुनै ग्रेड लेभल कक्षाहरूमा साना समूह निर्देशन तथा सुरक्षित दूरी लागु गर्ने सुनिश्चित गर्न, भवन भित्रका साझा क्षेत्र (स्कूल क्याफटेरिया), जिम, तथा अन्य ठाउँहरूलाई पनि कक्षाकोठा निर्देशन तथा कार्यका लागि उपयोग गर्न सकिनेछ।

साझा क्षेत्र तथा प्रत्येक कक्षाकोठामा हयान्ड स्यानिटाइजर राखिने छ।

**आवतजावतहरू**

स्कूलको दिन भरि आवतजावतहरू सीमित राख्ने र कक्षाको घण्टी परिवर्तन गर्दा अलग अलग समयमा गर्ने हर सम्भव प्रयास गरिने छ। लकरमा पहुँच तथा शौचालयमा जाने कामहरू पनि अलग अलग समयमा हुने छ। यद्यपि, मुख्य समयहरूमा विद्यार्थीहरू एक ठाउँबाट अर्को ठाउँ जानेछन्। दिशा सम्बन्धी सङ्केत, ठाउँ फरक गर्ने, तथा अलग अलग समयको प्रयोग गरिने छ।

**लन्च/विश्राम अवधि**

ब्रेकफास्ट तथा लन्च कक्षाकोठामा नै हुनेछ। विश्राम अवधि प्रत्येक दिन एक पटकमा साना समूहमा गरिने छ।

**बाथरुम उपयोग/रुटिनहरू**

शौचालयहरूमा एक पटकमा विद्यार्थीहरूको सङ्ख्या सीमित राख्न रुटिन तथा कार्यविधिहरू लागु हुनेछ। विद्यार्थीहरूका लागि दिनको हात धुने विश्रामहरू निर्धारण गरिनेछ।

**बर्खास्त हुने**

विद्यार्थीहरू स्कूलबाट घर जाने क्रममा ठूलो भिँड जम्मा हुन नदिन यो वर्ष बर्खास्त हुने कार्यलाई अलग अलग हुने गरि राखिने छ। तपाईंको स्कूल बर्खास्त हुने निर्दिष्ट समयबारे जानकारी पछि साझा गरिने छ।

**सिकाइ विकल्पहरू**

आगामी साल सम्पूर्ण जिल्लामा एउटा सिङ्गो मञ्च, स्कूलोजी द्वारा सिकाइ सुरु हुनेछ। यो मञ्चमा प्रशिक्षार्थी तथा परिवारहरूलाई चाहिने सबैकुरा हुनेछ। शिक्षकहरूबाट साप्ताहिक सञ्चारमा कार्यहरू बुझाउनुपर्ने मिति, घोषणाहरू, तथा रिमोट भए सिकाइ क्रियाकलापहरूबारे ताजा जानकारी समावेश हुनेछ।

जिल्लाले अपनाएको पाठ्यक्रमलाई गणित, अङ्ग्रेजी भाषा कला, सामाजिक अध्ययन, तथा विज्ञानको द्वी-साप्ताहिक चक्रहरूमा पढाइ गर्ने गरि तयार गरिएको छ। यो मञ्चको प्रयोग गर्ने बारे थप जानकारीका लागि, हाम्रो वेबसाइट जानुहोस्: https://www.cps-k12.org/families-students/technology-tools/schoology।

केही स्कूलहरूद्वारा हेमन्त कालीन परिवार अभिमूखिकरणहरू सञ्चालन गरिँदैछ। यसमा तपाईंको बच्चालाई आगामी वर्षमा सहयोग गर्न धेरैवटा महत्त्वपूर्ण जानकारी समावेश हुनेछ:

- सिकाइमा वृद्धि गर्न हामीले कोर्शको क्रमहरू कस्तो प्रकारले तयार गरेका छौं।
- स्कूलोजीलाई हाम्रो सिकाइ व्यवस्थापन प्रणालीका रूपमा प्रयोग गर्ने।
- ग्रेड, हाजिरी, तथा ग्र्याज्युएशन प्रगतिको अनुगमन गर्न पावरस्कूलमा पहुँच गर्ने।
- हाजिरी कार्यविधि तथा मार्ग-निर्देशिकाहरूबारे बुझ्ने।
- टाढाबाट सिक्ने क्रममा बच्चाहरू तथा परिवारहरूलाई कस्तो सहयोग प्रदान गरिन्छ भन्ने बुझ्ने।
- सम्भावित भौतिक भवन बन्दहरू वा हप्तामा-पाँच-दिन रिमोट लर्निङको तयारी गर्ने।

- प्रश्न तथा जवाफहरूका लागि समय।
- सिनसिनाटी डिजिटल एकेडेमीलाई पूर्णतया रिमोट लर्निङ विकल्प रोज्ने परिवारहरूका लागि तयार गरिएको छ।
  - विद्यार्थीहरूलाई होम स्कूल तथा सिनसिनाटी डिजिटल माझ सार्ने एउटा निर्विध्न अवसर प्रदान गरिने छ।
  - सिनसिनाटी डिजिटलको कार्यक्रम एउटा पाँच-चरणको प्रयासमा लक्षित हुन्छः समानता, लचकता, सङ्क्रमणको सहजता, एकरुपता, तथा सम्बन्ध।
  - कक्षा भारमा लचकता (AP तथा CCP कक्षाहरू लिने साथै क्रेडिटहरू रिकभर गर्ने विकल्प)।

धेरैजसो अपाङ्गता हुने विद्यार्थीहरू तथा अङ्ग्रेजी प्रशिक्षार्थीहरूले जिल्लाको रुपरेखा अनुसार, निराकरण विशेषज्ञ तथा दोस्रो भाषाका रूपमा अङ्ग्रेजी विशेषज्ञहरूको सहयोगमा आफ्ना साथीहरू सँगै सामान्य शिक्षा कक्षाहरूमा भाग लिन जारी राख्नेछन्। विशेषकृत कक्षाकोठाका विद्यार्थीहरू (जस्तै धेरैवटा अपाङ्गता तथा अटिजम कक्षाकोठा) ले उपयुक्त अनुसार उनीहरूको निर्धारित शिक्षकबाट विशेष शिक्षा सेवाहरू प्राप्त गर्न जारी राख्नेछन्।

**स्कूल आएछि सामाजिक भावनात्मक (SEL) विद्यार्थी सहयोग**

स्कूल आएपछि सम्पूर्ण विद्यार्थीहरूले सामाजिक भावनात्मक सहयोगमा पहुँच गर्नेछन्। सकारात्मक व्यवहार निराकरण सहयोग (PBIS) योजनाहरू स्वास्थ्य तथा सुरक्षालाई बढावा दिने निर्दिष्ट शिक्षण कार्यविधिहरूसँग मिलाएर लागु गरिने छ। विद्यार्थी आचरण मार्फत स्पष्ट अनुशासनीय कार्यविधिहरू लागु हुनेछ, जसमा स्वास्थ्य तथा सुरक्षा मार्ग-निर्देर्शिकाहरूको पालन गर्न वैकासिक उपयुक्त अपेक्षाहरू तथा पुनः-शिक्षण अवसरहरू समावेश छ। सम्पूर्ण कर्मचारी तथा विद्यार्थीहरूको स्वास्थ्य तथा सुरक्षा सुनिश्चित गर्न, विद्यार्थीले लगातार स्वास्थ्य तथा सुरक्षात्मक कार्यविधिहरूको पालन नगरेमा यसको परिणामहरू तय गरिने छ।

आवश्यक पर्ने विद्यार्थीहरूलाई स्कूल मनोविज्ञ, स्कूल सामाजिक कार्यकर्ता, स्कूल काउन्सेलर, तथा समुदायका मानसिक स्वास्थ्य साझेदारहरू लगायतका जिल्ला मानसिक स्वास्थ्य व्यावसायीहरूद्वारा साना समूह तथा व्यक्तिगत काउन्सेलिङ उपलब्ध गराइने छ। सम्पूर्ण मानसिक स्वास्थ्य व्यावसायीहरू भवन भित्र सङ्कट मूल्याङ्कनहरू गर्न र सङ्कटहरूको सामना गर्न तालीम प्राप्त छन्। यस अतिरिक्त, स्कूल सामाजिक कार्यकर्ताहरूले आवश्यक पर्ने परिवारहरूसँग नियमित सम्पर्क गर्नेछ, र सिकाइमा बाधा निवारण गर्न सहायता गर्न तथा परिवारहरूलाई सामुदायिक सेवाहरूमा सिफारिस गर्नेछ। ग्रेड 7-12 का सबै विद्यार्थीहरूको एउटा स्कूल काउन्सेलर हुनेछ जसले बौद्धिक, सामाजिक/भावनात्मक, तथा कलेज/करियर सहयोग प्रदान गर्नेछन्।

**हेमन्तकालीन खेलकूद**

हामी ओहायो हाइ स्कूल एथ्लेटिक एसोसिएशन (OHSAA) सँग मिलेर काम गर्दछौं। हामी ओहायो हाइ स्कूल एथ्लेटिक एसोसिएशन तथा गभर्नरको कार्यालयबाट मौसमको सुरुवातबारे थप विवरण प्रदान गर्ने मार्ग-निर्देशिकाको अपेक्षा गरिएको छ। हेमन्तकालीन खेलकूदहरू अगस्ट 1 मा सुरु हुने तय गरिएको छ। स्कूलहरूलाई हाल हाम्रो स्वास्थ्य तथा सुरक्षा मार्ग-निर्देर्शिकाहरूको पालन गर्दै सीप तालीम सत्रहरू प्रदान गर्ने अनुमति दिइएको छ। सम्पूर्ण जुनियर हाइ तथा हाइ स्कूल विद्यार्थीहरूलाई यस हेमन्त खेलकुदमा भाग लिनका लागि विगतमा बौद्धिक रूपमा योग्य ठहर गरिएको छ।

खेलाडी पाठ्यक्रम विभागसँग मिलेर मार्चिङ ब्यान्ड, कला, तथा अन्य कुराहरूको व्यवस्था गर्दैछ।

गभर्नरको कार्यालयबाट अद्यावधिक जानकारी तथा निर्देश आएपछि प्राथमिक स्कूलहरूले जिल्ला खेलाडी कार्यालयबाट अद्यावधिक जानकारी तथा निर्देश प्राप्त गर्नेछ। हामी प्रत्यक्ष स्कूल स्रोत समन्वयकर्ताहरू, खेलकूद बूस्टर संस्थानहरू, स्कूल प्रशासन, तथा परिवारहरूसँग सोझै सञ्चार गर्नेछौं।

कृपया कुनैपनि प्रश्नहरू खेलाडी सचीव म्यारी हकिन्सलाई सोध्नुहोस् hawkima@cps-k12.org।

**प्रविधि**

सिनसिनाटी पब्लिक स्कूलले ग्रेड 2–12 का हाम्रो सबै विद्यार्थीहरूलाई हालैको समिति-द्वारा लागु गरिएको 2020–2021 स्कूल सत्रको मिश्रित सिकाइ नमुना अनुसार उनीहरूले कक्षाकोठा तथा घरमा कार्यहरू पूरा गर्न सकुन् भनेर डिभाइसहरू दिइ रहेछ। ग्रेड 2 तथा 3 का विद्यार्थीहरूले iPads प्राप्त गर्दैछन्। ग्रेड 4–12 का विद्यार्थीहरूले ल्यापटप प्राप्त गर्दैछन्। हामीलाई ग्रेड 2 भन्दा मसनिका विद्यार्थीहरूका लागि डिभाइसहरूबारे प्रश्नहरू आएको छ। हाम्रो सबभन्दा साना प्रशिक्षार्थीहरूले कक्षाकोठामा iPads प्रयोग गर्छन्, तर हाल रिमोट लर्निङका लागि घर लैजान आवश्यक छैन। परिवारहरूले यो गर्मी याम उनीहरूको डिभाइस बुझिलिन प्रत्येक स्कूलको एउटा निर्धारित समयतालिका हुन्छ। प्रत्येक स्कूलको पिक अप मितिहरू जिल्ला वेबसाइटमा दिइएको छ: cps-k12.org.

सहायक प्रविधि तथा/वा अगमेन्टेटिभ तथा वैकल्पिक सञ्चार विधिहरूको खाँचो पर्ने विद्यार्थीहरूका लागि विविध सिकाइ वातावरणहरूमा उनीहरूको आवश्यकताको पूर्ति गर्ने गरि योजनाहरू तयार भइ रहेछ।

यस अतिरिक्त, ग्रेटर सिनसिनाटी फाउन्डेशन तथा अन्य साझेदारहरूको सहयोगमा, सिनसिनाटी बेल "कनेक्ट आर स्ट्युडेन्ट्स" कार्यक्रमको हिस्सा बन्न पाएकोमा जिल्ला अत्यन्त आभारी छ। यो पाइलट कार्यक्रमद्वारा रकडेल एकेडेमी, साउथ एभन्डेल स्कूल, हेज-पोर्टर प्राथमिक स्कूल, रोबर्ट्स एकेडेमी, तथा फेयरभ्यु-क्लिफ्टन जर्मन भाषा

स्कूलका परिवारहरूलाई निःशुल्क Wi-Fi प्रदान गर्छ। हामी "कनेक्ट आर स्ट्युडेन्ट्स" कार्यक्रमलाई विस्तार गर्दै अगस्टमा अन्य सिनसिनाटी पब्लिक स्कूल परिवारहरूका लागि उपलब्ध गराउने आशा गर्छौं।

**सतर्कता तथा पुष्ठि भएको मामिला प्रक्रिया** गभर्नर डेवाइनको योजना निर्देश अनुसार, *सम्पूर्ण विद्यार्थी तथा वयस्कहरूको स्वास्थ्य तथा सुरक्षा सुनिश्चित गर्न ओहायो स्कूलहरू तत्पर, लचिलो, तथा जागरुक हुनु पर्छ।* यदि नयाँ COVID-19 को मामिलाहरूको कारण पारम्परिक स्कूल परिवेशबाट सर्नुपर्ने आवश्यकता उत्पन्न भएमा, स्कूलले चिन्हित ग्रेड लेभलहरूलाई वा समग्र स्कूललाई नै रिमोट लर्निङमा सार्न आवश्यक पर्न सक्छ। उक्त निर्णयहरू स्थानीय स्वास्थ्य विभागसँग मिलेर लिइने छ।

यो वर्ष प्रत्येक स्कूलमा एकजना नर्स हुनेछ, जो COVID-19 को लागि निर्धारित सम्पर्क बिन्दु हो। प्रत्येक स्कूलमा एउटा चिन्हित पृथक ठाउँ हुनेछ, जहाँ लक्षणहरू हुने व्यक्तिहरूलाई अन्य कर्मचारी तथा विद्यार्थीहरूबाट अलग राख्न सकिने छ। नर्सले यो पृथक ठाउँको अनुगमन गर्नेछन्।

स्कूल भवनमा पुष्ठि भएको मामिला आएको स्थितिमा, कक्षाकोठा, ग्रेड, वा समग्र भवनलाई जोखिम मूल्याङ्कनका आधारमा अस्थायी रूपमा बन्द राख्ने आदेश दिन सकिने छ। पूर्णतया सरसफाइ / सङ्क्रमण रहित गर्न र अन्य थप को मामिलाहरू चिन्हित भएको छ छैन भनेर अनुगमन गर्न समय निकाल्न यसो गरिन्छ। हामी स्वास्थ्य विभागसँग मिलेर सामुदायिक प्रसारण (उदाहरण को लागि, एकल कक्षाकोठा, ग्रेड लेभल, स्कूल, वा सबै जिल्ला स्कूलहरू) लाई रोक्न आवश्यक पर्ने बन्द अवधिबारे, साथै सुरुको बन्दलाई बढाउनु पर्ने हो वा होइन भनेर निर्णय लिन्छौं। आमा-बाबु तथा अभिभावकहरूलाई आशङ्कित तथा पुष्टि भएको मामिलाहरू आउने बित्तिकै यसबारे जानकारी गराइने छ।

हामी स्वास्थ्य आँकडा तथा पुष्टि भएको COVID-19 को मामिलाहरूको अनुगमन गरि राख्नेछौं तथा हाम्रो योजनामा लचिलो रहन्छौं। हामी महत्त्वपूर्ण कुराहरू, जस्तै तपाईंको बच्चाको A वा B निर्धारित समूह, साथै नयाँ जानकारी आएमा तपाईंलाई ताजा जानकारी गराइ राख्नेछौं। हामीलाई यसो गर्न सहायता गर्न, कृपया यहाँ गएर हामीसँग फाइलमा तपाईंको सही सम्पर्क विवरण रहोस् भन्ने सुनिश्चित गर्नुहोस् register.cps-k12.org/login।

नियमित अद्यावधिक जानकारीहरू हाम्रो वेबसाइटमा पनि उपलब्ध हुन्छः https://www.cps-k12.org/. तपाईंको प्रश्नहरूको जवाफ दिनलाई तपाईंको स्कूल कार्यालय र हाम्रो ग्राहक सेवा दल उपलब्ध छन्। ग्राहक सेवालाई **(513) 363-0123** वा CPShelp@cps-k12.org मा सम्पर्क गर्न सकिन्छ।

CINCINNATI PUBLIC SCHOOLS

PREPARING STUDENTS
**FOR LIFE**

**Through Academic Achievement · Personal Well-Being · Career Readiness**

---

ब्याकप्याक बोक्ने, ल्यापटप खोल्ने, भविष्य चम्काउने! हामीलाई आशा छ तपाईं आफ्नो गर्मी याम रमाइलो गरिराख्नु हुँदैछ, र हामी तपाईंलाई पुनः भेट्ने प्रतीक्षा गर्दछौं।

भवदीय,

लोरा मिशेल
अधीक्षक

**सिनसिनाटी पब्लिक स्कूल** · P.O. Box 5381 · Cincinnati, OH 45201-5381 · 513-363-0000 · cps-k12.org